# संवत् २०८१ साल साउन ३१ गते बसेको गाउँ कार्यपालिकाको ३औं बैठकका निर्णयहरुः

बैठकका प्रस्तावहरूः

१. कृषि शाखाको बजेटको कार्यान्वयन क्षेत्र तोक्ने सम्बन्धमा ।
२. पशु शाखाको बजेटको कार्यान्वयन क्षेत्र तोक्ने सम्बन्धमा ।
३. रोयल्टी सम्बन्धमा ।
४. बाल गृह सञ्चालन सम्बन्धमा ।
५. विविध सम्बन्धमा ।

बैठकका निर्णयहरुः

१. **कृषि शाखाको बजेटको कार्यान्वयन क्षेत्र तोक्ने सम्बन्धमाः** लुङ्ग्री गाउँपालिकाको चालू आ.व. २०८१।०८२ को वार्षिक बजेटमा कृषि विकास तर्फ विनियोजित देहायका कार्यक्रमहरू कृषि विकास शाखाबाट गाउँपालिकास्तरमा कार्यान्वयन गर्ने ।

| क्र.स. | बजेट पुस्तकको क्र.स. | कार्यक्रम/क्रियाकलापको नाम | स्रोतको तह | स्रोतको प्रकार | विनियोजन | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ४५० | आ.व. २०८१।०८२ मा नयाँ तरकारी पकेट विकास कार्यक्रम संचालन | नेपाल सरकार | शसर्त अनुदान चालु | १२,००,०००।०० | |
| २ | ४६६ | रैथाने बाली प्रबर्द्धन कार्यक्रम | नेपाल सरकार | शसर्त अनुदान चालु | ६,००,०००।०० | |
| ३ | ५३२ | व्यवसायिक तरकारी प्रवर्द्धन कार्यक्रम | लुम्बिनी प्रदेश | शसर्त अनुदान चालु | १५,००,०००।०० | |

२. **पशु शाखाको बजेटको कार्यान्वयन क्षेत्र तोक्ने सम्बन्धमाः** लुङ्ग्री गाउँपालिकाको चालू आ.व. २०८१।०८२ को वार्षिक बजेटमा पशु तर्फ विनियोजित देहायका कार्यक्रम पशुपन्छी विकास शाखाबाट गाउँपालिकास्तरमा कार्यान्वयन गर्ने ।

| क्र.स. | बजेट पुस्तकको क्र.स. | कार्यक्रम/क्रियाकलापको नाम | स्रोतको तह | स्रोतको प्रकार | विनियोजन | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ५३१ | बाखा प्रवर्द्धन कार्यक्रम | लुम्बिनी प्रदेश | शसर्त अनुदान चालु | १५,००,०००।०० | |

३. **रोयल्टी सम्बन्धमाः** पालिका भित्र सञ्चालित ग्रामीण सडक सञ्जाल सुधार परियोजनाले पालिकाको क्षेत्रफल भित्र उपलब्ध प्राकृतिक स्रोतहरु (ढुङ्गा र गिट्टी) प्रयोग गरे बापत प्रदेश कानूनले तोकेको दरमा पालिकालाई बुझाउनु पर्ने रायल्टीको सम्बन्धमा परियोजनाको तालुक निकायहरूमा पत्राचार गर्ने ।

जीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)



भरत कुमार थापा
गा.पा.अध्यक्ष

४. **बाल गृह सञ्चालन सम्बन्धमाः** पालिकाका वडा अध्यक्षहरूबाट आ-आफ्नो वडामा रहेका अभिभावक विहीन बेसाहारा अवस्थामा रहेका बालबालिकाको तथ्याङ्क संकलन गरी आगामी कार्यपालिका बैठकमा पुनः प्रस्ताव पेश गर्ने ।

५. **विविध सम्बन्धमाः** देहायका विविध विषयहरूमा निर्णय गरिएको ।

क) हेफर परियोजना र लुङ्ग्री गाउँपालिका, रोल्पाको साझेदारीमा सञ्चालित साना किसानका लागि युवा उद्यमशिलता कार्यक्रममा अपुग रकम विनियोजन गर्न PMCC को बैठकको सिफारिस अनुसार आगामी कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गर्ने ।

ख) स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, बुटवलबाट सञ्चालित "बोज्याङखोला आलिबाङ मोटरेवल पुल, लुङ्ग्री गा.पा.-१, रोल्पा" कार्यक्रम कार्यान्वयनको लागि पुलको डि.पि.आर. तयार गर्न सेवा र परामर्श खर्च शीर्षकबाट भुक्तानी हुने गरी खरिद प्रक्रिया अगाडी बढाउने ।

ग) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं, विकास सहायता समन्वय शाखाको प.स. ०८०।०८१, च.न. ४२२, मितिः २०८१।०३।०५ को पत्रानुसार भारत सरकारको सहयोगमा सञ्चालन हुने **उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना** (HICDPs) मा यस लुङ्ग्री गाउँपालिका, रोल्पाले कुल आयोजना लागतको पाँच प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्धता सहित संविधान तथा प्रचलित कानूनले प्रदान गरेको अधिकारक्षेत्र एवं "आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८०" को अधीनमा रही देहाय बमोजिमका आयोजनाहरूको प्रस्ताव पेश गर्ने ।

| क्र.स. | आयोजनाको क्षेत्र/विषय | आयोजनाको नाम | आयोजनाको लागत (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | ख) अस्पताल, स्वास्थ्य चौकी, रक्त सञ्चार केन्द्र र प्रसूति केन्द्र | वडा नं. १ स्वास्थ्य चौकी भवन निर्माण आयोजना | २,१६,०२,९८९।२२ | |
| २ | | वडा नं. ७ स्वास्थ्य चौकी भवन निर्माण आयोजना | २,३४,९५,८१०।९२ | |
| ३ | घ) खानेपानी आयोजना | बन्दीबास सेवार खानेपानी मर्मत योजना, वडा नं. ५ | १,८२,९६,५०१।९५ | |
| ४ | | रिघिम क्वालीगाउँ खानेपानी आपूर्ती आयोजना, वडा नं. ५ | ८,७१,९१,७२८।३५ | |
| कुल आयोजना लागत | | अंकमा | १५,०५,८७,०३०।४४ | |
| | | अक्षरमा | पन्ध्र करोड पाँच लाख सतासि हजार तीस रुपैयाँ र पैसा चवालीस मात्र | |

निर्णय प्रमाणित गरिएको छ।

जीत बहादुर घरियार
(प्रमुख प्रशासकीय अधिकृत)

भरत कुमार थापा
गा.पा.अध्यक्ष